# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी

केन्द्रीय कार्यालय
चावहिल, काठमाडौं, नेपाल
टेलिफोन नं: ९७७-१-४५९८३३३, ४५९८३३४
ईमेल : info@civillaghubitta.com.np
वेबसाईट : www.civillaghubitta.com.np


च. नं. ९१४.२०७९/८०

मिति : २०८०/०३/२१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ॥

विषय : **कम्पनी अद्यावधिक, नाम परिवर्तन र पूँजीवृद्धि सहितको प्रबन्धपत्र/नियमावली संशोधन भएको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौको पत्र संख्या २०७९/८० च. नं. ९४००६, मिति २०८०/०३/२१ गतेको प्राप्त पत्र बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०७८/७९ को एघारौं वार्षिक साधारण सभा सम्पन्न पश्चात् कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीको नाम परिवर्तन, पूँजीवृद्धि, पूँजी संरचना परिवर्तन लगायत प्रबन्धपत्र र नियमावलीमा भएको संशोधित विवरण अभिलेख तथा कम्पनी अद्यावधिक भैसकेको व्यहोरा जानकारीको लागि हार्दिक अनुरोध छ । साथै, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौको पत्र संख्या २०७९/८० च. नं. ९४००६, मिति २०८०/०३/२१ गतेको पत्र यसै साथ **संलग्न** रहेको व्यहोरा समेत अनुरोध छ ।

धन्यवाद !

भवदीय,

विनोद आचार्य
**प्रमुख कार्यकारी अधिकृत**

**वोधार्थ :**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ................................ शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्या :- ७९/८०

चलानी नम्बर :- ९४००६

मिति : २०८०-०३-२१

विषय :- **कम्पनी अध्यावधिक, नाम परिवर्तन र पूँजी वृद्धि सहितको प्रवन्ध पत्र/नियमावली संशोधन अभिलेख बारे ।**

**हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड (लि. नं. १२८७)**

का.म.न.पा.-७,काठमाण्डौ,बाग्मती

त्यस कम्पनीले मिति २०८०/०३/१७ मा पेश गरेको निवेदन उपर कारवाही हुँदा त्यस कम्पनीको मिति २०७९।११।२९ मा सम्पन्न वार्षिक साधारण सभाको बैठकको निर्णय वमोजिम साविक कम्पनी ( सिभिल लघुवित्त वित्तीय संस्था लि.) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम ( हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड )को कम्पनीले सकार्ने व्यहोर्ने साथै कम्पनीको नाम परिवर्तनको सम्वन्धमा ३० (तीस) दिनभित्र राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सो को प्रति यस कार्यालयमा पठाउने र कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने साथै नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड कायम गर्न स्वीकृति प्रदान गरिएको छ। साथै कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०७८/०७९ सम्मको बिवरणहरु पेश गरेको हुनाले उक्त आ.व.सम्मका बिवरणहरु अध्यावधिक रहेको तथा त्यस कम्पनीको मिति २०७९।११।२९ मा सम्पन्न वार्षिक साधारण सभाको बैठकको निर्णय बमोजिम कम्पनीको साविकको जारी तथा चुक्ता पूँजीलाई निम्न बमोजिम वृद्धि गर्न स्विकृती प्रदान गरिएको छ । साथै कम्पनीको प्रबन्धपत्रको दफा १, दफा ५ को (द) थप/संसोधन , दफा ६ को (ख),(ग), (घ) र (ङ) , दफा १५ संसोधन तथा नियमावली नियम १,३,२५,२७,२९,३२,५३, मा गरेको संशोधनलाई समेत अभिलेख गरी अभिलेखित संशोधनको १/१ प्रति यसै साथ पठाइएको व्यहोरा मिति २०८०।०३।२१ को निर्णयानुसार जानकारी गराइन्छ ।

| बिवरण | साविक | हाल बृद्धि गरिएको |
|---|---|---|
| जारी पूँजी रु | २८,८१,२४,४४१।६० | ३१,९८,१८,१३०।१८ |
| चुक्ता पुँजी रु | २८,८१,२४,४४१।६० | ३१,९८,१८,१३०।१८ |

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार

**बोधार्थ**

श्री नेपाल राष्ट्र बैंक, काठमाण्डौ।

श्री नेपाल धितोपत्र वोर्ड, ललितपुर ।

श्री नेपाल स्टक एक्स्चेन्ज लि. काठमाण्डौ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. काठमाण्डौ।

श्री आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ।